जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १०२ • २०८२ माघ १९ गते सोमवार • 2 Feb. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिएसँगै महोत्तरी-२ मा पनि चुनावी चहलपहल सुरु

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १८ माघ**

प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिएसँगै महोत्तरी-२ मा पनि चुनावी चहलपहल सुरु भएको छ । घरआँगन, टोल बस्तीमा आएका उम्मेदवार र दलका नेता कार्यकर्तालाई यहाँका मतदाता समस्या देखाउनेभन्दा पनि असन्तुष्टि पोख्न थालेका छन् ।

“हाम्रो बस्ती नदीका कारण समस्यामा छ, बर्खामा नदीमा आउने बाढीका कारण बस्ती र खेत जोखिममा पर्दै आएको छ”, भङ्गाहा-६ हतिसर्वा मजराका ५५ वर्षीय सुरेश सर्दारले भने। नदी नियन्त्रणका लागि पक्की तटबन्ध र कुलो नहरका बाँध नबन्दा बर्सेनि आफूहरुले दुःख पाइरहेको उनको भनाइ छ ।

विगतमा ठाउँ ठाउँमा कटान र डुबान रोक्न तटबन्ध निर्माण गरिए पनि त्यसले समस्या समाधान भएको छैन । यहाँका नागरिकहरुले चुनावमा भोट माग्न आउने उम्मेदवासमक्ष यस्तै गुनासा गर्न थालेका छन् । यस क्षेत्र भएर बग्ने रातु नदीको ताण्डवले जिल्लाका सात स्थानीय तहका बासिन्दा प्रभावित छन् । यसको दीर्घकालीन समाधान नपहिल्याइँदा समस्या जस्ताको त्यस्तै भएको बलवा-११ भगवतीपुरकी मरनी माझी मुसहरको भनाइ छ। “बर्खा लाग्यो कि घर बाढीले लाने हो कि भन्ने त्रास हुन्छ”, माझीले भनिन् । निर्वाचनमा उम्मेदवार र दलका कार्यकर्ताको आउजाउ बढेपछि चुनावी सरगर्मी बढेको छ । जिल्लाको पूर्वी मध्यभेगको यो




क्षेत्रमा बिग्ही, रातु, मरहा र ओक्सीसहितका नदीपिडित समूहल मुख्य समस्या नै बर्खामा कटान र डुवान एवं हिउँदमा पानीको अभाव सुनाउँछन् । जिल्लाको मध्यभेगको भङ्गाहा नगरपालिका-१, २, ६, ७ र ८, बलवा नगरपालिकाका-११, मध्यपूर्वी भेगको लोहारपट्टी नगरपालिकाका-९, महोत्तरी गाउँपालिका-६, औरही नगरपालिका-७, ८ र ९, पिपरा-६ र एकडारा गाउँपालिका-६ वडा महोत्तरी-२ मा पर्छन् । यहाँका बासिन्दाको मुख्य पेसा खेती भएर पनि सिँचाइको समुचित प्रबन्ध नहुँदा आकासे पानीको भरको खेती र बर्खामा बाढीले घरबस्ती डुबाउने/बगाउने त्रासको नियति यहाँका बासिन्दाले खेप्दै आएका छन् । “हामी दुःखमा छौँ, खेतमा सिँचाइको प्रबन्ध छैन, बर्खामा बाढीले डुबाएर कहिल्यै राम्ररी अन्न थन्क्याउन पाएका छैनौ”, महोत्तरी गाउँपालिका-६ गोरीगमाका ४५ वर्षीय भोला महतो भन्छन्, “चुनाव त भइ नै राखेका छन् , तर हाम्रो दुःख जहाँको त्यहीं रह्यो ।”

यो क्षेत्र बर्खाकालमा बाढी कटान/डुवान र हिउँदमा पानीको हाहाकारमा पर्ने गरेको छ । हिउँद अन्त्यतिर त सिँचाइका लागि मात्र नभएर कुनैकुनै वर्ष खानेपानीकै पनि हाहाकार पर्ने गरेको यहाँका बासिन्दा बताउँछन् । यो समस्या भोग्दै आएका यहाँका बासिन्दा सरकारले खेतीपातीका लागि सिँचाइ सुविधा, समयमा बीउविजन, मलखाद र सुलभ कृषि ऋणको व्यवस्थासँगै बाढीबाट जोगाउन पक्की बाँध (तटबन्ध) को प्रबन्ध गरी देओस् भन्ने चाहना भएको लोहारपट्टी-१ का रामसागर यादवको भनाइ छ ।

आसन्न निर्वाचनका लागि यहाँ १५ राजनीतिक दलका र स्वतन्त्र २२ गरी जम्मा ३७ जना उम्मेदवार प्रतिष्पर्धामा छन् । चुनाव प्रचार प्रसारका क्रममा यस क्षेत्रका बासिन्दाबाट यस्तै समस्या आउने गरेको नेकपा (संयुक्त) बाट उम्मेदवार इदरिस मोमिनको भनाइ छ । “योजनाबद्ध तरिकाले काम हुन नसक्दा जनताका गुनासा बढेका हुन्, अब हामी सबैको साझा सङ्कल्पले निदान पहिल्याइनु पर्दछ”, उनले भने । महोत्तरी-२ मा जसपा नेपाल, नेपाली कम्युनिष्ट पार्टी, राप्रपा नेपाल, नेपाल मजदुर किसान पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, उज्यालो नेपाल पार्टी, नेकपा (एमाले), नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टी, जनादेश पार्टी नेपाल, राष्ट्र निर्माण दल, जनमत पार्टी, श्रम संस्कृति पार्टी, मङ्गोल नेशनल अर्गनाइजेसन र नेकपा संयुक्तका उमेद्वार दलगत प्रतिष्पर्धा गर्दैछन् । यी दलका २२ जना स्वतन्त्र उम्मेदवार पनि प्रतिष्पर्धामा रहेका छन् । यस क्षेत्रमा एक लाख सात हजार ५९४ मतदाता छन् । साथै ६२ मतदानस्थलमा १३३ मतदान केन्द्रको व्यवस्था गरिएको जिल्लाका मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले बताए ।

# महोत्तरीमा निर्वाचन प्रहरीलाई तालिम सुरु, ४ लाख भन्दा बढी मतदाताको सुरक्षाका लागि तयारी तिव्र

**मो. इर्शाद**
**महोत्तरी, १८ माघ**

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै महोत्तरी जिल्लामा भर्ना गरिएका ३,९९२ जना निर्वाचन प्रहरीलाई आजदेखि औपचारिक तालिम दिन सुरु गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार तालिम कार्यक्रम जिल्लाका पाँच फरक स्थानमा सञ्चालन भइरहेको छ । तालिममा निर्वाचन अवधिभर खटिने सुरक्षाकर्मीलाई मतदान केन्द्रको सुरक्षा व्यवस्था, भीड



व्यवस्थापन, आपतकालीन अवस्था नियन्त्रण, निर्वाचन आचारसंहिता पालना तथा व्यवहारिक अभ्याससमेत गराइँदै छ। शान्तिपूर्ण, निष्पक्ष र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गराउने उद्देश्यले तालिमलाई उच्च प्राथमिकता दिइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। निर्वाचन प्रहरी स्वागत तथा तालिम समुद्घाटन कार्यक्रममा बोल्दै जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक हेरम्ब शर्माले निर्वाचनमा खटिने सुरक्षाकर्मी अनुशासित, जिम्मेवार र समर्पित हुनुपर्नेमा जोड दिँदै १० दिनसम्म तालिम दिएपछि उनीहरूलाई जिल्लाभर परिचालन गरिने जानकारी दिए ।

त्यस्तै महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले महोत्तरी चुरे क्षेत्र तथा अन्तर्राष्ट्रिय सीमासँग जोडिएको जिल्ला भएकाले केही मतदान स्थलमा आवतजावत कठिन रहेको र कतिपय स्थानमा भौतिक पूर्वाधारसमेत कमजोर रहेको बताए। यिनै अवस्थालाई मध्यनजर

बांकी पृष्ठ २ मा ।

# पहिलो पटक प्रदेश सभाको बैठक मैथिली भाषाबाट सञ्चालन



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १८ माघ**

मधेश प्रदेश सभाका सभामुख रामआशिष यादवले पहिलो पटक प्रदेश सभाको बैठक मैथिली भाषाबाट सञ्चालन गर्दै नयाँ अभ्यासको शुरुवात गरेका छन् । प्रदेश सभा स्थापना भएको करिब आठ वर्षपछि सभामुख यादवले मातृभाषामा सभाको कार्यसूची अघि बढाउँदै सभाको उद्देश्य र भूमिकाबारे धारणा राखेका हुन् । बैठकको प्रारम्भिक चरणमा मैथिली भाषा प्रयोग गरिए पनि दोस्रो चरणदेखि भने बैठक नेपाली भाषामा सञ्चालन गरिएको थियो। सभामुख यादवले मधेश प्रदेशको कामकाजी भाषा अहिलेसम्म औपचारिक रूपमा तोकिएको नभएकाले दुवै भाषालाई समेट्ने प्रयास गरिएको बताए ।

प्रदेश सभाको पहिलो बैठकमै भाषाको विषयलाई लिएर विवाद उत्पन्न नहोस् भन्ने उद्देश्यले यस्तो अभ्यास अपनाइएको सभामुख यादवको भनाइ छ । उनले मातृभाषाको सम्मान र सबै सदस्यलाई सहज हुने वातावरण निर्माण गर्नका लागि मैथिली र नेपाली दुवै भाषाको प्रयोग गरिएको बताए ।

# ब्ल्याक बोर्ड देखि संसदसम्म : शिक्षा बदल्ने सपना बोकेका सम्पत महतो

**ओम प्रकाश साह**
**जनकपुरधाम, १८ माघ**


बिहानको घण्टी बज्नासाथ कक्षाकोठामा विद्यार्थीको चहलपहल सुरु हुन्थ्यो। हातमा चक, आँखामा भविष्यको सपना र मनमा जिम्मेवारी–यस्तै दृश्यसँग वर्षौं बिताएका व्यक्ति हुन् सम्पत महतो। आज भने उनी कक्षाकोठा छोडेर संसदको ढोका ढकढक्याइरहेका छन्। लक्ष्य एउटै छ–शिक्षा प्रणालीमा



आमूल परिवर्तन। धनुषा निर्वाचन क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा सदस्य पदका लागि आम जनता पार्टी (

बांकी पृष्ठ ४ मा।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रभाईसको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# परिवर्तन गर्ने उद्देश्य स्पष्ट हुनुपर्छ

स्वतन्त्र, निष्पक्ष, निर्वाचन, प्रजातान्त्रिक शैली, स्वतन्त्र न्यायालय र संघीय शासन प्रणाली सफल हुने आधार रहेको देखिन्छ । यी सबै मूल्य, मान्यतामा ह्रास आयो । जनतामा निराशा व्याप्त हुँदै गयो । देशमा बाटो, बिजुलीजस्ता विकास भए पनि आम जनताको आर्थिक उन्नति नभएको देखिन्छ । शिक्षा र स्वास्थको क्षेत्रमा निजीकरणका नाममा व्यापारीकरण मात्र भएको देखिन्छ । रोजगारीका लागि निम्न र मध्यमवर्गीय जति खाडी मुलुक जान थालेको देखिन्छ । तिनले पठाएको रिमिट्यान्स देशको मुख्य आयस्रोत रहेकोमा नेताहरू गर्व गर्न थालेका छन् । ती मानिस जाँदा पनि म्यानपावर र सरकारबाटै लुटिएका विषय बाहिर आउन थालेको समेत देखिन्छ । सरकारको दमनका कारण र धमिलो पानीमा माछा मार्ने राजनीति गर्नेहरूले २३-२४ गते त विध्वंस नै गरे । पुराना पार्टीहरू नेपाली कांग्रेस, एमाले, नेकपा र राप्रपा लगायत सुधारिएर आउन बाध्य भएको देखिन्छ । यही बीचमा आएको रास्वपाको पनि व्यवस्था परिवर्तन वा अवस्था परिवर्तन उद्देश्य स्पष्ट नरहेको देखिन्छ । अहिले आम जनता पार्टीको नेतृत्व गर्दै आएको प्रभु साहको पार्टी मोबाइल छापले मौलापुरदेखि जगाएको विकासको आश निर्णायक हुन पनि बेर नलाग्ने जस्तो लाग्दछ ।

# कार्यकारी राष्ट्रपति प्रणालीले मात्रै मुलुकमा स्थिर, बलियो र जबाफदेही शासन व्यवस्था स्थापित हुन सक्छः यादव

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, १८ माघ**



जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीले मात्रै मुलुकमा स्थिर, बलियो र जबाफदेही शासन व्यवस्था स्थापित गर्न सक्ने दाबी गरेका छन् ।

जसपा नेपालका अध्यक्ष एवं सप्तरी क्षेत्र नं. ३ का प्रतिनिधि सभा उम्मेदवार समेत रहेका यादवले आइतबार चुनावी अभियानको क्रममा जसपा नेपाल प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली र समानुपातिक समावेशी प्रतिनिधित्वमा आधारित संसदीय संरचनाको पक्षमा अडिग रहेको स्पष्ट गरेका हुन् । चुनाव प्रचारप्रसारमा निरन्तर खटिरहेका अध्यक्ष यादवले भने, 'बारम्बार सरकार फेरिने, मन्त्रीहरू बदलिने र नीति तथा योजना अलपत्र पर्ने अवस्था अब सह्य छैन । देशलाई स्थिर, जबाफदेही र जनउत्तरदायी शासन प्रणालीको खाँचो छ । त्यसका लागि जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली अपरिहार्य भइसकेको छ ।' संसदीय अभ्यासमा गठबन्धन सरकारहरूको अस्थिरताले विकास निर्माण, सुशासन र आर्थिक सुधारलाई गम्भीर असर पारेको छ । पाँच वर्षे कार्यकाल पूरा गर्न नसक्ने सरकारहरू, सत्ताको जोडघटाउमा अल्झिने राजनीति र नीतिगत निरन्तरताको अभावकै कारण जनतामा गहिरो निराशा बढेको उनले जिकिर गरे ।

उनले भने, 'प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणालीले शासनलाई स्थिर बनाउने मात्र होइन, जनताप्रति प्रत्यक्ष उत्तरदायी पनि बनाउँछ । राष्ट्रपति जनताले सिधै चुन्ने भएपछि शक्तिको स्रोत पार्टी होइन, जनता नै हुन्छन् । जनताले चुनेको राष्ट्रपतिको पहिलो उत्तरदायित्व जनताप्रति हुन्छ, सरकार टिकाउन सत्ता-सम्झौताप्रति होइन ।' जसपा नेपालले प्रस्ताव गरेको प्रणालीमा संसद् पूर्ण रूपमा समानुपातिक र समावेशी प्रतिनिधित्वमा आधारित हुने, यसले गर्दा मधेसी, आदिवासी जनजाति, दलित, महिला, थारु, मुस्लिम, पिछडिएको क्षेत्र तथा सीमान्तकृत समुदायको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्ने उनले विश्वास व्यक्त गरे । शासन व्यवस्थाकै त्रुटिले गर्दा विगतमा दर्जनौं सरकार परिवर्तन भएको स्मरण गर्दै उनले भने, 'तीमध्ये धेरै सरकारले एक वर्ष पनि पूरा गर्न नसकेको धेरै उदाहरण छन्, यसले अर्थतन्त्र, लगानीको वातावरण र प्रशासनिक स्थायित्वमा नकारात्मक प्रभाव पारेको छ ।

## महोत्तरीमा निर्वाचन प्रहरीलाई............

गर्दै संवेदनशीलता निर्धारण गरिएको स्पष्ट पार्दै उनले मतदातालाई स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा मतदान गर्न सक्ने अवस्था सिर्जना गर्न सबै सुरक्षा निकायलाई सक्रिय हुन निर्देशन दिए । जिल्लामा निर्वाचन नजिकिँदै जाँदा सुरक्षा तयारीलाई अझ प्रभावकारी बनाइने जनाइएको छ । जिल्ला निर्वाचन कार्यालय महोत्तरीका अनुसार यस पटक जिल्लाभर २५८ मतदान स्थल र ५३६ मतदान केन्द्र तोकिएका छन् । ती केन्द्रहरूमा कुल ४ लाख ३१ हजार २ सय ८१ जना मतदाताले मतदान गर्ने व्यवस्था मिलाइएको छ ।

ठूलो मतदाता संख्यालाई व्यवस्थित रूपमा मतदान गराउन निर्वाचन कार्यालय र सुरक्षा निकायले समन्वयात्मक तयारी तीव्र बनाएका छन् । अतिसंवेदनशील र संवेदनशील केन्द्रहरूमा अतिरिक्त सुरक्षाकर्मी परिचालन, नियमित गस्ती तथा निगरानी बढाइने जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ ।





अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: खानपानमा समस्या आउने
वृष: पढाईमा ध्यान दिनुपर्ने
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: लामो यात्राको योग छ
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: अनावश्यक चिन्ता
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# इजरायली आक्रमणमा ११ को मृत्यु

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ माघ



गाजा पट्टीमा शनिबार भएको इजरायली हवाई आक्रमणमा ११ जनाको ज्यान गएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार, उनीहरुले शरणार्थी शिविरमा शरण लिइरहेको अवस्थामा आक्रमण भएको थियो । हमास प्राधिकरण अन्तर्गतको मन्त्रालयका महाप्रबन्धक मुनीर अल-वर्शलाई उद्धृत गर्दै एएफपीले थप २० जना घाइते भएको तथा इजरायलले अपार्टमेन्ट र शिविरका नागरिकहरूलाई लक्षित गरि आक्रमणगरेको जनाएको छ ।

घाइतेहरू उपचारको लागि उत्तरमा गाजा सहर र दक्षिणमा खान युनिसको अस्पतालमा पुगेको बार्सले बताएको छ । इजरायलले “चिकित्सा आपूर्ति, औषधि र चिकित्सा उपकरणको गम्भीर अभावको बीचमा युद्धविराम सम्झौताको गम्भीर उल्लङ्घन जारी राखेको बार्सले जनाएको छ ।

अक्टोबर देखि अमेरिकाले गरेको युद्धविराम जनवरीमा दोस्रो चरणमा पुगेको छ, जसमा हमासको निशस्त्रीकरण, क्रमिक इजरायली फिर्ती र अन्तर्राष्ट्रिय स्थिरीकरण बलको तैनाती समावेश छ । इजरायल र हमासले बारम्बार एक-अर्कालाई युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएका छन् । हमासद्वारा सञ्चालित गाजाको सरकारी प्रेस कार्यालयले शनिबारको आक्रमणमा एक विस्थापित परिवारका सात जनाको मृत्यु भएको बताएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार अक्टोबर १० मा युद्धविराम लागू भएदेखि जनाको मृत्यु भएको छ ।

# ‘ब्याटल अफ गलवान’ मा ट्रोल भइरहेको बारे के भन्छन् सलमान ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ माघ



बलिउड सुपरस्टार सलमान खानले आफ्नो प्रतिक्षित वार मुभी ‘ब्याटल अफ गलवान’ को टिजरमा देखिएको लुकलाई लिएर भइरहेको ट्रोलिङको जवाफ दिएका छन् । सामाजिक सञ्जालमा केही प्रयोगकर्ताले सलमानको एउटा दृश्यलाई ‘रोमान्टिक भाव’ भन्दै आलोचना गरेपछि उनले ठट्टा गर्दै त्यसको वास्तविकता स्पष्ट पारेका हुन् ।

सलमानका अनुसार त्यो दृश्य रोमान्स नभई एक जिम्मेवार कर्नलको गम्भीर सोच र आफ्ना जवानप्रतिको भरोसाको प्रतीक हो । हालै इन्डियन स्ट्रिट प्रिमियर लिग म्याचका क्रममा सलमानले टिजरको सोही दृश्य फेरि दोहोऱ्याउँदै भने, ‘अहिले कसैलाई यो रोमान्टिक लुक लाग्न सक्छ, तर म फिल्ममा कर्नल हुँ । यो एक कर्नलको लुक हो जसले आफ्नो टोली र जवानहरूको हौसला बढाउँछ ।’ उनले ठट्टा गर्दै आफूले चाहेमा त्यस्तो लुक अरू पनि दिन सक्ने तर त्यसको अर्थ रोमान्टिक नहुने बताए। आफूमाथि हुने यस्ता आलोचनाले कुनै असर नगर्ने पनि उनले प्रस्ट पारे । सन् २०२० मा गलवान उपत्यकामा भएको वास्तविक सैन्य संघर्षमा आधारित यस फिल्ममा सलमान खान कर्नल बी. सन्तोष बाबुको भूमिकामा देखिँदैछन् ।

# आईसीसी टी-२० विश्वकपमा आफ्नो क्षमता देखाउन तयार ८ एसोसिएट राष्ट्र

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ माघ



भारत र श्रीलंकामा आयोजना हुने आईसीसी पुरुष टी-२० विश्वकप २०२६ मा ९ एसोसिएट राष्ट्रहरू प्रतिस्पर्धा गर्नेछन् । जसमा इटलीले पहिलो पटक टी-२० विश्वकप खेल्दैछ ।

यस लेखमा ती टिमका विश्वकपसम्मको यात्रा र हेर्नलायक खेलाडीहरुको बारेमा जानकारी प्रस्तुत गरिएको छ । विश्वकपमा डेब्यु गर्न लागेको टोली इटलीबाट सुरुवात गरिएको छ । इटली: फुटबलका लागि विश्वभर परिचित इटली पछिल्लो वर्षहरूमा फिफा विश्वकपमा छनोट हुन संघर्ष गरिरहेको छ । तर क्रिकेटमा भने इटलीले इतिहास रच्दैछ । इटली पहिलो पटक टी-२० विश्वकपका लागि छनोट भएको हो । इटलीको यात्रा युरोपियन सब-रिजनल छनोटबाट सुरु भएको थियो । जहाँ फ्रान्स, आइल अफ म्यान, लक्जेम्बर्ग र टर्की समावेश समूहमा शीर्ष स्थानमा रहेको थियो । त्यसपछि घरेलु मैदानमै रोमानियालाई फाइनलमा पराजित गऱ्यो । त्यपछि इटलीले आईसीसी पुरुष टी-२० विश्वकप युरोप रिजनल छनोट खेल्यो । जहाँ इटलीले स्कटल्यान्डलाई हरायो । अन्तिम खेलमा नेदरल्याण्ड्ससँग पराजित भएपनि जर्सीलाई रनरेटमा पछि पार्दै डच टोलीपछि दवस्रो स्थानमा रहेर विश्वकपको टिकट काट्यो ।

# फागुन पहिलो सातादेखि मतदाता शिक्षा कार्यक्रम

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ माघ




फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै तनहुँ जिल्लामा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने भएको छ ।

निर्वाचनका क्रममा बदर मतको सङ्ख्या न्यून बनाउने उद्देश्यसहित जिल्ला निर्वाचन कार्यालय तनहुँले उक्त कार्यक्रम सञ्चालन गर्न लागेको हो । जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी विकास लम्सालका अनुसार जिल्लाका दश ओटै स्थानीय तहमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । मतदातालाई मतदान प्रक्रियाबारे स्पष्ट जानकारी दिनु, मतपत्र प्रयोग गर्ने सही तरिका बुझाउनु तथा मतदान गर्दा ध्यान दिनुपर्ने विषयमा सचेत गराउनु कार्यक्रमको मुख्य लक्ष्य रहेको उनले बताए । लम्सालले मतदाता शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन सकेमा मतदातालाई मतदान गर्न सहज हुने र बदर मतको समस्या उल्लेखनीय रूपमा घट्ने विश्वास व्यक्त गरे ।

विशेषगरी नयाँ मतदाता, पहिलो पटक मतदान गर्ने युवा, ज्येष्ठ नागरिक तथा कम साक्षर मतदातालाई लक्षित गरी व्यवहारिक अभ्याससहित कार्यक्रम सञ्चालन गरिने जानकारी पनि उनले दिए ।

कार्यक्रम अन्तर्गत मतपत्रमा सही चिन्ह कसरी लगाउने, समानुपातिक र प्रत्यक्ष प्रणालीको भिन्नता, मतदान केन्द्रमा पालना गर्नुपर्ने आचारसंहिता तथा मतदानको गोपनीयतासम्बन्धी विषयमा जानकारी दिइनेछ ।






# विकासको एजेन्ट बन्न नखोजुन् अबका सांसद

-उम्मेदवारले मतदातासँगको भेटघाट सुरु गरिसकेका छन् । पूरा हुन सक्ने वा नसक्ने सपना देखाइरहेका छन् । विकास गर्ने, बाटो बनाउने, पुल बनाउने, आदि इत्यादि वाचा गरिरहेका छन् । २३ र २४ भदौको जेन-जी आन्दोलनबाट तत्कालीन सरकार सत्ताच्युत भएपछि २७ भदौमा सुशीला कार्कीको नेतृत्वमा सरकार गठन भएको थियो ।

लगत्तै प्रतिनिधिसभा विघटन गरियो र २१ फागुनका लागि निर्वाचनको मिति तोकियो । निर्वाचनका लागि उम्मेदवारी दर्तासमेत भइसकेको छ । समग्रमा यतिबेला सिंगै देश निर्वाचनको महाकुम्भमा होमिएको छ । उम्मेदवारले मतदातासँगको भेटघाट सुरु गरिसकेका छन् । पूरा हुन सक्ने वा नसक्ने सपना देखाइरहेका छन् । विकास गर्ने, बाटो बनाउने, पुल बनाउने, आदि इत्यादि वाचा गरिरहेका छन् । यो लेख संसद् र सांसद खासमा के हो/हुन् ? काम, कर्तव्य र अधिकार के हुन्छ ? सांसदले बहन गर्नुपर्ने जिम्मेवारी के हुन्छ ? भन्ने विषयमा केन्द्रित रहेको छ । नेपाल संसदीय शासन प्रणाली अपनाउने मुलुकहरूमध्ये एक हो । नेपालको संविधानको प्रस्तावना र धारा २ ले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित रहेको छ भनेको छ । यसको प्रयोग आवधिक निर्वाचन मार्फत निर्वाचित जनप्रतिनिधिहरूले गर्छन् । हाम्रो राजनीतिक शासन व्यवस्था संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीयतामा आधारित लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था हो । नेपालको संविधानको धारा ८३ ले संघीय व्यवस्थापिका अन्तर्गत क्रमश: राष्ट्रिय सभा र प्रतिनिधिसभा हुने भनेको छ ।

राष्ट्रिय सभामा समावेशिताका आधारमा प्रत्येक प्रदेशबाट निर्वाचित ८ जनाका दरले ५६ र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत ३ जना गरी जम्मा ५९ जना सदस्य हुन्छन् । त्यस्तै, प्रतिनिधिसभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अर्थात् आफूले रोजेको उम्मेदवारलाई प्रत्यक्ष रूपमा मतदाताले मत दिने १६५ जना र समानुपातिक निर्वाचन प्रणाली अर्थात् आफूले मन पराएको पार्टीलाई मत दिएर त्यसमार्फत् ११० निर्वाचित गरिन्छ । यसरी प्रतिनिधिसभामा २७५ जना सदस्य हुन्छन् । यस निर्वाचन प्रणालीलाई मिश्रित निर्वाचन प्रणाली भनिन्छ । संसद्को भूमिका: संसद् जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्त्वपूर्ण संस्था हो ।

शासन प्रणालीमा नीति निर्धारण तथा कानुन निर्माण गर्ने जस्तो महत्त्वपूर्ण कार्यको जिम्मेवारी यसलाई हुन्छ । संसदीय शासन प्रणालीमा प्रतिनिधित्व, पारदर्शिता, पहुँच, उत्तरदायी सरकार र प्रभावकारिता जस्ता विषय नै संसद्को आधारभूत चरित्र हुन् । यी आधारभूत चरित्रलाई सुनिश्चित गर्दै संसदीय अनुगमनअन्तर्गत निम्न महत्त्वपूर्ण कार्य संविधान तथा कानुनले संसद्लाई दिएको छ- क. आवश्यक कानुन तथा नीतिहरू तर्जुमा गर्नु । ख. संसद्ले बनाएको कानुनहरूलाई कार्यपालिकाले प्रभावकारी रूपमा लागू गरेको छ वा छैन भनी अनुगमन गर्ने र कानुन कार्यान्वयनका निमित कार्यपालिकालाई उत्तरदायी बनाउने ग. सरकार बनाउने । घ. संवैधानिक निकायलगायतका विभिन्न पदमा प्रभावकारी संसदीय सुनुवाइमार्फत उपयुक्त व्यक्ति उपयुक्त ठाउँ/पदमा नियुक्ति सुनिश्चित गर्ने ङ. नेपालको संविधानले संसद्भित्रका विषयगत समितिहरूमार्फत सरकार र सरकारका विभिन्न निकाय तथा संवैधानिक निकायको क्रियाकलापको अनुगमन तथा जाँच गरी नागरिकप्रति उत्तरदायी बनाउने । सांसदको जिम्मेवारी: प्रतिनिधिसभा सदस्य अर्थात् सांसदहरू नागरिकप्रति जवाफदेही हुनुपर्छ । यो भूमिका विधायिका, सरकारको अनुगमन र जनताको प्रतिनिधित्वमा केन्द्रित हुन्छ ।

गुणात्मक कानुनको सुनिश्चितताका निमित भूमिका निर्वाह गर्नु सांसदको महत्त्वपूर्ण कार्य हो । यी महत्त्वपूर्ण कार्यअन्तर्गत देहायबमोजिमको जिम्मेवारी संविधान तथा कानुनले तोकेको छ- क. कानुन तथा नीतिहरूको नियमित अध्ययन गर्ने र तिनको आवश्यक परिमार्जन गर्ने ख. नयाँ कानुनको निर्माणका लागि पहल गर्ने ग. कानुन संविधानसम्मत छ वा छैन भन्ने निगरानी गर्ने घ. समयसापेक्ष र प्रभावकारी कानुन निर्माण कार्यमा प्रभावकारी रूपमा भूमिका खेल्ने ङ. प्रत्यायोजित अधिकारअन्तर्गत सरकारले बनाएका नियम तथा नियमावलीहरू संविधान तथा ऐनसम्मत हुने विषयलाई सुनिश्चित गर्ने च. संसदीय सुनुवाइ मार्फत सरकारले न्यायाधीश, राजदूत तथा अन्य संवैधानिक अंगहरूका पदाधिकारीका रूपमा सिफारिस गरेका व्यक्तिहरूको उपयुक्तता परीक्षण गर्ने । अत: सांसदको उक्त भूमिकालाई प्रभावकारी बनाउन विभिन्न संवैधानिक निकायहरूले कानुनले निर्धारण गरेबमोजिमको अधिकारको प्रयोग गरेका छन् वा छैनन्, अधिकारको दुरुपयोग गरेका छन् कि, कानुनको शासन सुनिश्चित भएको छ कि छैन भने यकिन गरी कानुनको शासनलाई प्रभावकारी बनाउन संसदीय अनुगमनको कार्यमा सांसदको अपेक्षाकृत भूमिका हुनुपर्छ ।

**साभार : कान्तिपुर ।**



# जनकपुरधाममा सन्त गुरु रविदासको ६४९औं जन्मजयन्ती भव्य रूपमा सम्पन्न

**ओम प्रकाश साह**
**जनकपुरधाम, १८ माघ**

सन्त शिरोमणि गुरु रविदास जीको ६४९औं जन्मजयन्ती दिवस जनकपुरधाममा सामाजिक समानता, मानव मर्यादा र न्यायको सशक्त सन्देश सहित भव्य रूपमा सम्पन्न भएको छ। चमार कल्याण समाज जिल्ला कार्य समितिको आयोजनामा जनकपुरधाम स्थित मण्डल सेवा समिति कुट्टीको सभा हलमा विविध कार्यक्रम गरी जन्मजयन्ती मनाइएको हो।



कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले सन्त गुरु रविदासको विचार आजको समाजका लागि अझ सान्दर्भिक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, “गुरु रविदासले जात, वर्ग र पेशाको आधारमा हुने विभेदको विरुद्ध आवाज उठाउनुभयो। उहाँको दर्शनले सबै मानव समान हुन् भन्ने सन्देश दिन्छ, जुन समावेशी र सभ्य समाज निर्माणका लागि अपरिहार्य छ।”

कार्यक्रम चमार कल्याण समाज जिल्ला कार्य समितिका अध्यक्ष प्रगास महराको अध्यक्षतामा सम्पन्न भएको थियो। अध्यक्ष महराले गुरु रविदासका शिक्षाले आत्मसम्मान, श्रमको सम्मान र शिक्षा मार्फत समाज रूपान्तरणको मार्ग देखाएको उल्लेख गर्नुभयो।

“दलित समुदाय मात्र होइन, सम्पूर्ण समाजले गुरु रविदासका विचारलाई आत्मसात गरे मात्र विभेदरहित समाज निर्माण सम्भव हुन्छ,” उहाँको भनाइ थियो। विशिष्ट अतिथि चमार कल्याण समाज नेपालका केन्द्रीय अध्यक्ष दिनेश चमारले गुरु रविदासको दर्शन व्यवहारमा उतार्न आजको पुस्ताको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो। “शिक्षा, चेतना र संगठन नै सामाजिक परिवर्तनका आधार हुन्। गुरु रविदासको सोचलाई पुस्तान्तरण गर्न सके मात्र समान अवसर र सामाजिक न्याय सुनिश्चित हुन्छ,” उहाँले मन्तव्यमा जोड दिनुभयो।कार्यक्रममा वक्ताहरूले गुरु रविदासको जीवन संघर्ष, मानवतावादी दर्शन र समतामूलक समाजप्रतिको प्रतिबद्धता माथि प्रकाश पारे। साथै, युवाहरूलाई शिक्षा, आत्मनिर्भरता र सामाजिक सद्भावतर्फ अग्रसर हुन प्रेरित गरिएको थियो। कार्यक्रममा सामाजिक अगुवा, बुद्धिजीवी, युवावर्ग, महिला तथा स्थानीय समुदायको उल्लेख्य सहभागिता रहेको थियो। सहभागीहरूले गुरु रविदासको शिक्षाले समाजमा सकारात्मक सोच, आपसी सम्मान र सहअस्तित्वको भावना विकास गर्न मद्दत गर्ने विश्वास व्यक्त गरेजन्मजयन्ती समारोहले सामाजिक विभेद अन्त्य गर्दै समानता, न्याय र मानव मर्यादामा आधारित समाज निर्माणका लागि एकजुट हुन सबैलाई प्रेरणा दिएको आयोजक चमार कल्याण समाज जिल्ला कार्य समितिले जनाएको छ।

# ब्ल्याक बोर्ड देखि संसद.............

(आजपा)बाट मोबाइल चुनाव चिन्हसहित उम्मेदवारी दिएका महतो कुनै आकस्मिक राजनीतिज्ञ होइनन्। क्षिरेश्वर गाउँपालिकाअन्तर्गत मावि दिगम्बरपुर, वडा नं. ८ मा प्रधानाध्यापकका रूपमा सेवा गर्दै उनले शिक्षाको वास्तविक अवस्था नजिकबाट देखेका छन् । ग्रामीण विद्यालयको कमजोर भौतिक संरचना, विद्यार्थीको ड्रपआउट, शिक्षकको अभाव र पाठ्यक्रम तथा व्यवहार बीचको दूरी—यी सबै उनका लागि तथ्य होइन, दैनिक भोगाइ हुन्। “शिक्षा किताबमै सीमित हुँदा विद्यार्थी जीवनका लागि तयार हुँदैन,” महतो भन्छन्, “त्यसलाई बदल्न नीति निर्माण गर्ने ठाउँमै पुग्नुपर्छ।”मिथिला नगरपालिका-२, नकताझिटका स्थायी बासिन्दा महतोका अनुसार मधेसका धेरै विद्यालयहरू अझै पनि अवसरको प्रतीक्षामा छन्। राजनीतिक इच्छाशक्ति र सही योजना भए शिक्षा नै समृद्धिको आधार बन्न सक्ने उनी विश्वास गर्छन्। (सञ्चारकर्मीसँगको कुराकानीमा उनले शिक्षालाई रोजगार, सीप र प्रविधिसँग जोड्नुपर्नेमा जोड दिए। युवा पुस्ता विदेशिन बाध्य हुनुको मूल कारण कमजोर शिक्षा र सीप विकास प्रणाली भएको उनको निष्कर्ष छ । उनको चुनावी एजेन्डा केवल शिक्षा सुधार मा सीमित छैन। तर शिक्षा उनका लागि आधार स्तम्भ हो—जसले सामाजिक समानता, चेतना र आर्थिक सशक्तिकरणको ढोका खोल्छ।

राजनीतिमा शिक्षकको उपस्थिति कम देखिन्छ। तर सम्पत महतो त्यही कमी पूरा गर्न चाहन्छन्। “संसदमा शिक्षकको आवाज कमजोर छ,” उनी भन्छन्, “अब त्यो आवाज बलियो बनाउने समय आएको छ।” धनुषा-४ का मतदाताले यसपटक परम्परागत भाषणभन्दा फरक अनुभव र दृष्टिकोणलाई कसरी मूल्याङ्कन गर्छन्, त्यो चुनाव परिणामले बताउनेछ। तर ब्ल्याकबोर्डबाट सुरु भएको यो यात्रा, संसदसम्म पुग्यो भने, शिक्षा सुधार को बहस नयाँ मोडमा पुग्ने धेरैको अपेक्षा छ।

जनकपुरधाम सफा राखौं ।







अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday